# आजको देश

देशमा
रुइत दृष्टि रोप्दै छन
राजेन्द मृत्यु छेक्दै छन
नारायण ज्ञान छर्दै छन
बुद्ध को झन्डा नेपत्थ्यले बोक्यो ?
अन्त भने
कहालि लाग्दो बर्तमान

शिंहदरबार भित्र
रुइत जस्तै दृष्टि छर्छु भन्नेहरु
राजेन्द जस्तै मृत्यु रोक्छु भन्नेहरु
नारायण जस्तै प्रबचन गर्नेहरु
नेपत्थ्यले जस्तै शान्ति छर्छु भन्नेहरु
काटिकुटि ठयाक्कै मान्छेका अनुहारका
आफु लाइ मान्छे भन्दा माथिका ठान्नेहरु
ढोका थुनेर मलाइ तँलाइ भन्दै छन
किन कलेजो त्यसलाइ
खै मलाइ मुटु ?
गर्दन खै ?
नत्र खाँदै खान्न
मलाइ साँपरा चाहिन्छ
मान्छे को भन्दै छन
मान्छे का शरीर भाग एक एक गन्दै छन
सँधै यसै गर्दैछन
लुकेर भित्र भित्र
झुन्ड झुन्ड फेरि रहनेहरु ।

बाहिर
समाजसेवि डलर गन्दै छ
यसपालि पनि मजासँग बडेछ हुन्डि मनमनै भन्दै छ
क्या पेशा नाम हुने दाम हुने
च्यारिटि दानको हजम रकम
कसैलाइ थाहै नहुने
सयर को त जोखा छैन
हे इश्वर तिम्रो जय होस भन्दै छ
मंसिर लागेको छ सँधै
बाला सुनौलो सँधै

दैनिक को समाचार उहि
अनिकाल हाहाकार अनि चामल कुहेको चित्र
खडेरि अनि बाढि उधुम
भत्केको पुल
भत्काइएको पुल
बेचिएकी चेली
बन्द बन्द
डुबान सुख्खा
हत्या हत्या
निर्दोष मरे
निर्दोष मारे
स्कुल ब्यारेक
मार या मर
मर या मार
लाहुरे जाने हुल
सोषिएको लाहुरे
बम बिष्फोट

बम बम
बन्दुक बन्दुक
बारुद बारुद
मृत्यु मृत्यु
रोग रोग
भोक भोक
शोक भोक
डँढेलो डँढेलो
धुँवा धुँवा
भष्टचार अख्यियत्यार
प्रतिगमन अग्रगमन

पारिपट्टि

बलराम जस्तै काँधमा के हो बोकेर
यो पुरलाइ
कान्तिपुर लाइ पल्टाइदिन्छु भन्दै
शिंह र दरबार नेस्तानाबुद गर्छु भन्दै
आयो राम
कुरु क्षेत्र टेकेर
कात्रो शीरमा बाँधेर
कृष्ण नै लापता ?
कस्ले सम्झाउने यो रामलाइ
यो बाबुरामलाइ
कति अझै घुन पिसिने
यो घानमा ?

कलमजीवि चुपचाप छन
बाध्यता
कुन बन्दुकले कसलाइ लाग्ने हो
त्रास छ ।

बद्धिजिवी भने चुकुल लगाएर
जता पल्ला भारि उतै लाग्ने मनसुबाले
कोठा कोठामा,
कोठे मिटिङ गर्दैछन
कता लागे कति फाइदा
हिसाब गर्दैछन

टुँडिखेलमा पो असार लागेको छ
बालि सोहर्ने शुरमा छ
मकै खाने ?

यँहि त नेपाल छ
यहि त नेपाल छ
बाजै बाजको झुन्ड
उडि रहेको बेला
सेतो परेवा उँडाउँदै
शान्ति झन्डा बोक्दै
को ,कहिले सडकमा निक्लेला ?
कहाँ कसरि अन्त होला
यो रक्त सिन्धु ?

।।।

कपिल अधिकारी
जुलाइ १७,२००४
ताइपे,ताइवान